पारलैङ्गिक अधिकार समूह
Trans Rights Collective (TRC)

A loose network of young trans men & trans women, based in Nepal since 27 Sept. 2020 [transrightscollective@gmail.com]

सदस्यहरू Members

आरोन थापा Aaron Thapa (He/Him)
thapaaaron55@gmail.com

आयान थपलिया Aayan Thapaliya (He/Him)
aayanchhetri20@gmail.com

प्रतीक थापा मगर Pratik Thapa Magar (He/Him)
shagunjksg@gmail.com

नूर के.सी. Noor KC (She/Her)
noorkc2020@gmail.com

रुक्शना कपाली Rukshana Kapali (She/Her)
rukshana.newa@gmail.com

L.N – 004/2020

२२ अक्टोबर २०२०

पारलैङ्गिक पहिचानको रोगिकरणलाई उन्मुलन गर्न हरेक वर्ष अक्टोबर २२ तारिखका दिन, पारलैङ्गिक पहिचानको रोगिकरण विरुद्धको अन्तर्राष्ट्रिय कार्य दिवस, मनाइने गरिन्छ। राष्ट्रिय एवं विश्वव्यापी रूपमा विभिन्न ढङ्गले प्रयासहरू जारी छ भने हामी नेपालको संसदले पारलैङ्गिक पहिचानलाई रोगिकरण गर्ने तयारी प्रति निकै चिन्तित छौँ।

प्रस्तावित नागरिकता ऐन संसोधन विधयक र राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनले लैङ्गिक पहिचानको स्कोपलाई 'तेस्रो लिङ्गी' विधामा कुण्ठित गर्न खोजेको र नागरिकता प्राप्त गर्न एवं नाम तथा लैङ्गिक विवरण संसोधन गर्नका निम्ति 'चिकित्सकीय सिफारिस' आवश्यक गर्ने तयारी गरेको छ।

नेपालको सर्वोच्च अदालतले लैङ्गिक पहिचानलाई आत्मनिर्ण्यको विषय भनी फैसला गरेको हामी स्मरण गराउन चाहन्छौँ (केही कमीहरू भएतापनि)। संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदले लैङ्गिक पहिचानलाई 'चिकित्सकीय निदान'को विषय बनाउन नहुने र अनिच्छापूर्ण चिकित्सकीय हस्तक्षेप मानव अधिकार उल्लंघनका साथै यातनाको स्वरूप रहेको भनी विभिन्न निष्कर्ष सुझावहरू दिएका छन्। रोगिकरण जस्ता विषयहरूलाई कानुन मार्फत् लागु गर्न खोज्नु भनेको हामी पारलैङ्गिक व्यक्तिहरू विरुद्ध यसै पनि व्यापक क्रूर असमानता, लाञ्छना, पूर्वाग्रह, विभेद र हिंसालाई अझै व्यापक र सब्बल बनाउन मद्दत गर्दछ। हामी सरकार, संसद र सम्पूर्ण सम्बन्धित निकायहरूलाई सर्वोच्च अदालतका फैसलाहरू, अन्तर्राष्ट्रिय मूल्यमान्यता एवं हाम्रो संविधानलाई मध्यनजर गर्दै पारलैङ्गिक व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गर्न र नागरिकता जस्तो आधारभूत अधिकारका निम्ति हामीलाई रोगिकरण गर्न बन्द गर्न गराउन आवहान गर्दछौँ।

साथै धेरै मेडिकल विद्यालयहरूले पारलैङ्गिक व्यक्तिहरू बारे कालविरिुद्ध सूचनाहरू समावेश गरी - हाम्रो लैङ्गिक पहिचानलाई विकारका रूपमा प्रस्तुत गर्ने गरेका छन् - जसकारण हामीले स्वास्थ्य सेवा क्षेत्रमा भोग्ने लाञ्छनालाई सब्बल बनाउन मद्दत गर्दछ। मेडिकल विद्यालय र सम्बन्धित अधिकारीहरूले पाठ्यक्रम एवं पाठ्यसामाग्री अद्यावधिक गरी पारलैङ्गिक व्यक्तिहरू सम्बन्धी पुरातनवादी धारणाहरू हटाउन र पारलैङ्गिक-समावेशी शिक्षालाई संवर्द्धन गरी क्रमशः स्वास्थ्य सेवा क्षेत्रमा पारलैङ्गिक व्यक्तिहरू प्रति हुने लाञ्छनालाई न्यूनिकरण गर्न योगदान पुर्याउनपर्छ।

हामी सबैमाझ फेरी स्मरण गराउन चाहन्छौँ कि हामी पारलैङ्गिक पुरुषहरू पुरुष हौँ र हामी पारलैङ्गिक महिलाहरू महिला हौँ। हामीलाई बाध्यकारी जबरजास्ती 'तेस्रो लिङ्गी' पहिचान लाद्नु हाम्रो संविधान प्रदत्त लैङ्गिक पहिचानको हक विरुद्ध हो।

***